मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७८/०९/०९**

मन्थली नगरपालिकाको चालु आ.व. २०७८/७९ मा संघीय सशर्त तर्फ **मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम** रहेकोले यस कार्यालयमा सूचिकृत/अद्यावधिक भएका कृषक समूह/कृषि सहकारी/निजी **फर्महरुलाई यो सूचना प्रकाशन** भएको मितिले १५ दिन (मिति २०७८/०९/२३ गते) भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न राखि खामबन्दी गरी यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । **म्याद समाप्त भए** पश्चात् र रीतपूर्वक पेश नभएका आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | परिमाण | बजेट रु. | अनुदानको किसिम |
|---|---|---|---|---|
| १ | मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम (लागत साझेदारीमा पूर्वाधार निर्माण र नर्सरी सामाग्री खरिद सहयोग) | १ वटा | ७,५०,०००।- | प्रदेश तथा स्थानीय तहमा **सशर्त वित्तीय हस्तान्तरण** भएका कृषि विकास कार्यक्रम **सञ्चालन सम्बन्धी** कार्यविधि, २०७८ को दफा ५ **बमोजिम अधिकतम ५०** प्रतिशत । |

**आवश्यक कागजातहरु:**

१. नर्सरीको प्रकार उल्लेख भएको कार्यक्रम माग गर्ने निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि ।
३. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा सूचिकृत/अद्यावधिक भएको पत्रको प्रतिलिपि ।
४. नर्सरी धनी कृषकको नेपाली नागरिकता प्रमाण पत्र र जग्गा धनी पुर्जाको प्रतिलिपि ।
५. कर चुक्ता सम्बन्धी कागजात ।
६. सामूहिक नर्सरीको हकमा संस्थागत निर्णय प्रतिलिपि ।
७. कार्यक्रममा दोहोरोपना नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा उल्लेखित सम्बन्धित वडा कार्यालयको **सिफारिस पत्र** ।
८. वार्षिक बिरुवा उत्पादन योजना र ब्यवसायिक योजना ।
९. आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको लागि भोग चलन गर्ने **सम्झौता पत्रको** प्रतिलिपि ।
१०. सिंचाई, बिजुली, सञ्चार, सडक एवं तालिम प्राप्त दक्ष जनशक्तिको विवरण ।
११. सुन्तलाजात फलफुलको हकमा समुद्री सतहबाट १००० मिटर भन्दाको माथिको उचाई भएको क्षेत्र ।
१२. संरक्षित संरचनामा फलफूलको बिरुवा उत्पादनको लागि नर्सरीको क्षेत्रफल कम्तीमा २ रोपनी हुनु पर्नेछ ।
१३. कम्तिमा १०,०००।- फलफुल बिरुवा उत्पादन क्षमता रहेको विवरण ।
१४. छनौट भएको अनुदानग्राहीले सम्झौता गर्नु अघि साझेदारी रकमको सुनिश्चितता रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

**पुनश्चः** अन्य न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसूची (७), (८), (९) र १० मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np